# प्यूठानका लागी सुशान्त

**सम्पूर्ण घरधुरीमा खानेपानी सुविधाको सुनिश्चितता:**
प्रत्येक घरधुरीमा स्वच्छ र नियमित खानेपानी सुविधा पुर्‍याउन उच्चतम् प्राथमिकता दिँदै, आवश्यकता अनुसार संघीय, प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी दिगो खानेपानी आयोजना कार्यान्वयनका लागि पहल गरिनेछ।

**सुविधासम्पन्न जिल्ला अस्पताल:**
प्रदेश सरकारसँग समन्वय गरी जिल्ला अस्पताललाई उपकरण, विशेषज्ञ सेवा र मानव स्रोतसहित सुविधासम्पन्न स्वास्थ्य संस्थाका रूपमा विकास गर्न पहल गरिनेछ।

**प्राविधिक उच्च शिक्षाको विस्तार:**
उच्च शिक्षामा आंगिक क्याम्पसका रूपमा प्राविधिक शिक्षा अध्यापन संस्था स्थापना गर्न सम्बन्धित निकायसँग समन्वय गरी पहल गरिनेछ, ताकि स्थानीय युवालाई गुणस्तरीय र रोजगारमुखी शिक्षा उपलब्ध होस्।

**रोजगार र स्वरोजगारको अधिकतम् अवसर सृजना:**
कृषिको व्यवसायीकरण, पर्यटन व्यवसायको योजनाबद्ध विकास तथा लघु तथा साना उद्योगहरूको प्रवर्द्धनमार्फत स्थानीय स्तरमै दिगो रोजगारी र स्वरोजगारका अवसर अधिकतम् रूपमा सृजना गर्न पहल गरिनेछ। उत्पादन, सीप, पूँजी र बजारलाई एकीकृत गर्दै युवाशक्ति र उद्यमशीलतालाई प्राथमिकतामा राखिनेछ।

**कृषि क्लष्टरमा आधारित एकिकृत विकास:**
स्थानीय उत्पादन र व्यवसायिक क्षमताका आधारमा क्लष्टर पहिचान गरी एकीकृत सेवा, प्रविधि, वित्त र बजार पहुँच सुनिश्चित गर्ने प्रणाली विकासका लागि पहल गरिनेछ।

**सिँचाइ पूर्वाधार पहिचान र विकास :**
जिल्लाभित्रका बृहत् सिँचाइ सम्भावना भएका क्षेत्रहरूको पहिचान गरी प्राविधि अध्ययनका आधारमा प्राथमिकता निर्धारण गर्दै संघ, प्रदेश र स्थानीय सरकार समन्वयमा सिँचाइ आयोजनाहरु निर्माण गर्न पहल गरिनेछ।

**जडिबुटी, नगदेबाली र लघु उद्योग प्रवर्द्धन:**
जडिबुटी तथा नगदेबालीको प्रशोधन, मूल्य अभिवृद्धि र बजारीकरणमा जोड दिइने अल्लो लगायत स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योगलाई व्यवसायीकरणमा ज दिइनेछ।

फाल्गुन २१ गते, घण्टीमा भोट हाल्ने दिन

**वैज्ञानिक भू-सुधार तथा व्यवस्थित बसोबास:**
अत्याधुनिक डिजिटल प्रविधि (GIS–Biometric) बाट वास्तविक भूमिहीनको पहिचान गरी, भूमिहीनलाई लालपुर्जा सहित रोजगारी र आत्मसम्मान सुनिश्चितताका लागि पहल गरिनेछ।

**लुम्बिनी धार्मिक-पर्यटकीय त्रिकोणको अवधारणा:**
लुम्बिनी परिसर, स्वर्गद्वारी मन्दिर र सुपा देउराली मन्दिरलाई समेट्ने "हिन्दु-बौद्ध धार्मिक पर्यटकीय ट्र्याङ्गल" को अवधारणा विकास गरिनेछ। स्वर्गद्वारी मन्दिरसम्म माण्डवी गाउँपालिका र स्वर्गद्वारी नगरपालिकाका अन्य क्षेत्रहरूबाट वैकल्पिक सडक निर्माण तथा पदमार्ग विकासका लागि पहल गरिनेछ।

**प्राकृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन:**
प्राकृतिक सुन्दरता तथा ऐतिहासिक महत्वका क्षेत्रहरूको पर्यटकीय सम्भाव्यता अध्ययन गरिनेछ। साथै, सम्भाव्य क्षेत्र पहिचान गरी एशियन इन्ड्युरो, डाउनहिल रेस जस्ता अन्तर्राष्ट्रिय स्तरका माउन्टेन बाइकिङ प्रतियोगिता सञ्चालन गर्न ट्रेल निर्माणका लागि पहल गरिनेछ।

**समानुपातिक विकास पूर्वाधार:**
जनघनत्व, सेवा पहुँच तथा अन्य विकास सूचकाङ्कका आधारमा प्राथमिकता निर्धारण गरी मोटरवेबल पुल तथा झोलुङ्गे पुल निर्माणका लागि चरणबद्ध पहल गरिनेछ, जसले दुर्गम बस्तीलाई सेवा र बजारसँग जोड्नेछ। कुनै प्रकारको सडक नपुगेका स्थानहरूमा नयाँ सडक निर्माणलाई उच्च प्राथमिकता दिइनेछ। साथै, पालिका केन्द्रसम्म पुग्ने प्रमुख सडकहरूलाई कालोपत्रे गर्न उच्च प्राथमिकताका साथ विशेष पहल गरिनेछ।

**विश्वसनीय टेलिफोन र डाटा नेटवर्क पहुँच:**
दूरसञ्चार सेवाको गुणस्तर र पहुँच विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरी स्थिर, भरपर्दो टेलिफोन तथा उच्च-गतिको डाटा नेटवर्क सेवा सुनिश्चित गर्न प्राथमिकताका साथ पहल गरिनेछ।

**खेलकुद विकास र प्रशिक्षण पूर्वाधार:**
क्रिकेट, भलिवल , फुटबल लगायत विभिन्न खेलकुदको विकासका लागि व्यवस्थित प्रशिक्षण केन्द्र स्थापना तथा व्यवस्थापन सुदृढीकरणमा पहल गरिनेछ, जसले युवालाई खेलमार्फत अवसर र पहिचान दिलाउनेछ।

**बाँदर र बदेल लगायत वन्यजन्तु आतंक रोकथाम:**
बाँदर र बदेलको आतंकका कारण प्युठानका विभिन्न स्थानमा जनजीवन आक्रान्त भएको हुँदा सो नियन्त्रणका लागि सम्भव सबै उपाय अवलम्बन गरी समुदायहरूलाई यो समस्याबाट मुक्त गर्न पहल गरिनेछ।